

स्थानीय राजपत्र

गजुरी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २) गजुरी, धादिङ, २०७५ साल जेष्ठ १६ गते (संख्या १)

भाग १

गजुरी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

प्रस्तावना: नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७५ को दफा १०२ को उपदफा (१) बमोजिम गजुरी गाउँपालिकाको सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यो ऐनको नाम गजुरी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ रहेको छ।

(२) यो ऐन गजुरी गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ।

२. **परिभाषा** : (१) विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) 'ऐन'भन्नाले गजुरी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनुपर्छ।

(ख) "कार्यपालिका" भन्नाले गजुरी गाउँकार्यपालिका सम्झनुपर्छ।

(ग) "गाउँपालिका" भन्नाले गजुरी गाउँपालिका सम्झनुपर्छ।

(घ) "सभा"भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनुपर्छ।

(ङ) "संविधान"भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ।

३. **नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त गजुरी गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथाप्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेः** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगतवनेको नियमावलीको अधिनमा रही गजुरी गाउँकार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ।

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत
गजुरी गाउँ कार्यापालिकाको कार्यालय
गजुरी, धादिङ